श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४३।८।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उप-सचिवस्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री चन्द्रकान्त झालाई निजामती सेवा नियमावली, २०२१ को नियम .२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम मिति २०४३।२।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४३।७।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवा (लेखा समूह) को राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिवस्तर) को पदमा बढुवा गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

| क.सं. | नाम र थर | साविक पद र कार्यालय | |
|---|---|---|---|
| १. | श्री नेत्रबहादुर कार्की | लेखा अधिकृत, महालेखा नियन्त्रक कार्यालय । | |
| २. | श्री प्रकाशराज पाण्डे | बडालेखापाल, | वन स्वास्थ्य एकीकृत योजना । |
| ३. | श्री लालमणि जोशी | ,, | वन सर्भेक्षण तथा अनुसन्धान कार्यालय । |
| ४. | श्री बोधराज अधिकारी | ,, | सगरमाथा एकीकृत सडक । |
| ५. | श्री दयानाथ शर्मा | ,, | भंसार विभाग । |
| ६. | श्री उपेन्द्रप्रसाद भट्टराई | शाखा अधिकृत, क्षेत्रीय योजना कार्यालय, पोखरा । | |

आज्ञाले,
विष्णुगोपाल रिसाल
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।८।१६ को निर्णयानुसार श्री हिरण्यकुमार भट्टराईले नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रोनिक तथा टेलिकम्यूनिकेशन समूह पद संकेत नं.स.०७।१ राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक) प्राविधिक अधिकृत पदबाट दिनुभएको राजिनामा मिति २०४३।५।१७ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
श्यामलाल मल्ल
उप-सचिव

४०८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार